जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक ५९ २०८० साल असोज १० गते बुधबार (27 Sep. 2023 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

*यस अंक भित्र :* २ पृष्ठमा : संसद् होइन, सांसदकै क्षमता. ३ पृष्ठमा : चिकित्सकमाथि आक्रमण गर्ने विरुद्ध... ३ पृष्ठमा : इन्धन डिपो विष्फोटमा...

## ठगी तथा अपराधिक विश्वासघात एवं बैंकिङ कसुर मुद्दाका आरोपी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ९ असोज ।**

ठगी तथा अपराधिक विश्वासघात एवं बैंकिङ कसुर सम्बन्धि मुद्दाका एक आरोपीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

सप्तरीको बोदेबर्साइन नगरपालिका वडा नं. ८ काचन राजोपट्टी निवासी मनिकलाल यादव पक्राउ परेका हुन् ।

सिरहाको धनगढीमाई नगरपालिका १ हाल लहान नगरपालिका १ वस्दै आएका सन्तोष कुमार यादवको जाहेरीले सिरहा जिल्ला अदालतको आदेशानुसार ४० वर्षिय यादवलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सिरहा जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएपछि सोमवार साँझ पक्राउ गरी उनलाई मंगलवार सिरहा प्रहरीको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिएका छन् ।

यादवमाथी जग्गा, चेक तथा सुनचाँदीका गरगहना धितो राखेर चर्को मिटरब्याज असुली गर्ने र कतिपय ब्यक्तिले लिएको ऋण ब्याज चुक्ता गरी सकेपनि धितो फिर्ता नगरेको आरोप छ ।

पछिल्लो पटक सिरहाका सन्तोषले उनीमाथी दिएको मिटरब्याजी प्रकरण अन्तर्गत ठगी तथा अपराधिक विश्वासघात एवं बैंकिङ कसुर सम्बन्धि मुद्दा प्रहरी हुदै अदालत सम्म पुगेपछी यादव विरुद्ध पक्राउ पुर्जी जारी भएको थियो ।

सन्तोषले समस्या परेका बेला मनिकलाल सँग जग्गा धितो राखेर पटक/पटक गरी ५७ लाख रुपैया ऋण सापटी लिएको जाहेरीमा उल्लेख गरेका छन् । सो वापत उनले लहान नगरपालिका १ स्थित ९ धुर जग्गामा निर्मित ४ तल्ले



पक्राउ परेका सप्तरीको बोदेबर्साइन नगरपालिका वडा नं. ८ काचन राजोपट्टी निवासी मनिकलाल यादव । *तस्बिर : राजविराज दैनिक*

घर तथा सोही वडामा १२ धुर जग्गामा निर्मित अर्को एक तल्ले घर धितो वापत मनिकलाल निर राखेका थिए । यतिमात्र होइन ।

आफु सँग मनिकलालले रकम उल्लेख न गरिएको ४ वटा सादा चेकमा हस्ताक्षर गर्न लगाई बुझिलिएको र त्यसपछि मात्र ऋण सापटी दिन तयार भएको संतोषले जाहेरीमा उल्लेख गरेका छन् ।

उनले कोरोनाकालमा ब्यापार व्यवसाय चौपट भएको तथा समस्या पर्दा मनिकलालले भने अनुसारको कागज तथा सादा चेकमा हस्ताक्षर गरी बुझाएको बताए । पछि गएर मनिकलालले १ लाखको दैनिक १ हजारका दरले चर्को ब्याज माग्न थालेको र आफुले सो अनुसारको ब्याज तिर्न नसक्ने बताएपछि मनिकलालले आफुबाट प्राप्त गरेको हस्ताक्षर सहितको चेकमा आफैले १ करोड ४६ लाख ५ सय रुपैया भरेर बैंकमा तीन पटक चेक बाउन्स गराई फसाउन खोजेको सन्तोषले सुनाए ।

कतै कुनै उपाय नदेखेपछि आफू न्यायका लागी स्थानीय प्रहरी प्रशासन हुदै अदालत सम्म पुगेको

***बाँकी तीन पृष्ठमा***

## हत्यामा संलग्न रहेको आरोपमा युवक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ९ असोज ।**

सप्तरी प्रहरीले युवकको हत्यामा संलग्न रहेको आरोपमा एक जनालाई पक्राउ गरेको छ ।

जिल्लाको कंचनरुप नगरपालिका वडा नं. ९ स्थित सुन्दरी खोलामा भदौं २१ गते फेला परेको एक युवकको शवको अनुसन्धान गर्दै जाँदा सोही नगरपालिका वडा नं. ६ बस्ने पशुपति राम घटनामा संलग्न रहेको जनाएको छ ।

प्रहरीले सुन्दरी खोलाको पुलदेखी करिब सय मिटर दक्षिण पट्टी साईडमा नाम, थर, वतन नखुलेको पुरुषको शव फेला परेकोमा अनुसन्धानको क्रममा उक्त मानिसको हुलियाकै आधारमा कंचनरुप नगरपालिका वडा नं. ७ बलुवा बस्ने २५ वर्षिय राहुल कुमार



चौधरी रहेको जनाएको छ ।

अनुसन्धानकै क्रममा सो दिन राहुलसँग पशुपतिसँगै रहेको खुल्न आएको भन्दै प्रहरीले उनलाई असोज ४ गते पक्राउ गरेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेका अनुसार अनुसन्धानकै क्रममा पशुपतिले मृतकको घडी र मोबाईल तथा आर्थिक प्रलोभनमा परी राहुललाई भारततर्फ लगि लागु औषध खरिद गरी घटनास्थलमा ल्याएर अत्याधिक मात्रामा सेवन गराई बेहोस बनाएर पुनः लागु औषध जवरजस्ती खुवाई हत्या गरेको तथा मृत्यु पश्चात् राहुलले लगाएको कपडा तथा साथमा रहेको मोबाईल र घडी लुटेर लगेका थिए ।

पक्राउ परेका रामलाई मंगलबार सप्तरी जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## नेपाल मुस्लिम संघको अध्यक्षमा मन्सुरी, महासचिवमा इर्साद अन्सारी निर्वाचित



**दैनिक समाचारदाता**
**राजविराज, ९ असोज ।**

नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल मुस्लिम संघको केन्द्रीय अध्यक्ष पदमा अतावुल मन्सुरी निर्वाचित भएका छन् ।

संघको सोमबारराति काठमाडौँको राष्ट्रिय सभागृहमा सम्पन्न तेस्रो महाधिवेशनबाट मन्सुरीको नेतृत्वमा ८७ सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित गरेको हो । कार्यसमितिको दुई महासचिवमध्ये एकमा सप्तरीका यूवा नेता इर्साद अन्सारी निर्विरोध चयन भएका छन् ।

उक्त महाधिवेशनले नौ उपाध्यक्ष, तीन महिला उपाध्यक्ष, दुई महासचिव, ११ सचिव, एक कोषाध्यक्ष, सहकोषाध्यक्ष एकसहित ५१ सदस्य हुने गरी निर्विरोध निर्वाचित गरेको छ ।

विसं २०६५ मा स्थापना भएको सङ्घको हाल देशभर ४३ जिल्लामा शाखा रहेका छन् । तेस्रो महाधिवेशनका लागि देशभरबाट करिब चार सय प्रतिनिधिको सहभागिता रहेको थियो ।

आइतबार काठमाडौँको राष्ट्रिय सभागृहमा सुरु भएको महाधिवेशन कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरेका थिए ।

## राहत शिक्षकहरूद्वारा सिट्ठी फुकेर प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, ९ असोज ।**

राहत शिक्षकहरूले मंगलबार सिट्ठी फुकेर प्रदर्शन गरेका छन् । काठमाडौंको माइतीघर मण्डलमा राहत शिक्षकहरूले सिट्ठी फुकेर प्रदर्शन गरेका हुन् ।

उनीहरूले सोमबार सडकमै सुतेर विरोध जनाएका थिए । सरकारले संसदमा दर्ता गरेको विद्यालय शिक्षा विधेयकले आफूहरूका माग

***बाँकी दुई पृष्ठमा***

## एक सय भन्दा ठूला भारतीय नोटको कारोबारमा प्रतिबन्ध

**दैनिक समाचारदाता**
**राजविराज, ९ असोज ।**

नेपाल राष्ट्र बैंकले नेपालमा भारतीय रुपैयाँ एक सय भन्दा ठूला नोटको कारोबारमा प्रतिबन्ध लगाएको छ ।

राष्ट्र बैंकले वित्तीय चेतनाका लागि भन्दै मंगलबार जारी गरेको सूचनामा भारतीय रुपैयाँ एक सय दरभन्दा ठूला नोट साथमा राख्न, ओसरपसार गर्न र कारोबार गर्न प्रतिबिन्धत लगाइएको उल्लेख छ ।

यस्तै, भारतबाट नेपाल आउने वा नेपालबाट भारत जाँदा अमेरिकी डलर ५ हजार बराबरको भारतीय रुपैयाँ मात्रै लैजान सकिने पनि राष्ट्रबैंकले जनाएको छ । त्यसरी लैजाने वा ल्याउने नोट पनि सय भन्दा ठूला नोट हुन नहुने व्यवस्था गरिएको छ ।

पाँच हजार डलर भन्दा बढीको भारतीय रुपैयाँ ल्याउन लैजान परेमा भन्सारमा घोषणा गर्नुपर्ने छ । भारत भ्रमण जानेहरुका लागि बैंक तथा वित्तिय संस्थाबाटै भारतीय रुपैयाँ २५ हजारसम्म र औषधोपचारका लागि भारतीय रुपैयाँ ५० हजारसम्मको सटही सुविधा लिन सकिने पनि राष्ट्र बैंकले जनाएको छ ।

**स्तनपानः बालबालिकालाई वरदान**

आमाको दूध बालबालिकाका लागि अमृत समान हुन्छ।
त्यसैले,

- स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दूधको विकल्पमा बट्टाको दूध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन।

त्यस्तो कार्य गरेको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रि वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारवाही हुनेछ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सहज तरिकाले सेवा देऊ

स्थानीय तहबाट जनतालाई सेवा दिन निकै कठिनाई भइरहेको छ । एकै दिनमा स्थानीय तहबाट सेवा लिन सेवाग्राहीहरुलाई निकै अफठ्यारो पर्ने गरेको गुनासोहरु आउने गरेको छ । जनप्रतिनिधिले विकासको मुद्दालाई पहिलो प्राथमिकतामा राखेर कामकाज गर्ने परिपाठी बसालेको बेला जनतालाई दिने सेवाप्रति उदासिनता देखाउने गरेका छन् ।

जनप्रतिनिधिहरुले सहर, गाउँ तथा वडाको सरसफाईलाई पनि प्राथमिकतामा राखेका छन् । तर जनतालाई दिने सेवालाई सहजै दिनु पर्नेमा खासै ध्यान दिएको देखिन्न् । उनीहरुले शिक्षा र स्वास्थ्यलाई केही हदसम्म प्राथमिकतामा राखेको देखिन्छ । तर, प्राथमिकतामा राखिएका शिर्षकहरु पनि सोझै जनतासँगै जोडिएको छ । हुन त शिक्षा र स्वास्थ्य जनताको पहिलो प्राथमिकता हो तर अधिकांश जनप्रतिनिधिहरुले त्यसलाई उपेक्षा गरेको देखिन्छ । शिक्षा र स्वास्थ्यमा परिवर्तनका लागि त्यतिको समय चाहिदैन् । कीन भने शिक्षा र स्वास्थ्यको मेरुदण्ड रहँदै आएको छ । मात्र त्यसलाई थोरै भएपनि पनि परिचालन, अनुगमन र निगरानी गर्न सकिए त्यसले सकारात्मक परिणाम ल्याउन सक्छ ।

शिक्षा, स्वास्थ्य र विकास बाहेक अन्य कार्यहरुमा जनप्रतिनिधिहरुको ध्यान पुगोस् । थोरै पनि चनाखो भएमा नगर वा वडा कार्यालयहरुबाट जनताले पाउने निशुल्क सेवा, विभिन्न घटना दर्ता, सिफारिस लगायतका कार्यलाई छिटोछरितो एवं सरल तरिकाले सेवा दिन तत्परता देखाउनु जरुरी छ । तसर्थ जनताले निशुल्क रुपमा पाउने सेवालाई छिटो, छरितो र प्रभावकारी ढंगले प्रवाह गर्न सकिए मात्र मतको कदर हुने कुरामा दुईमत नहोला ।

# संसद् होइन, सांसदकै क्षमता कमजोर छ : अध्यक्ष केसी

**नारायण न्यौपाने/रासस**
काठमाडौं, ९ असोज ।

नेपाली राजनीतिक क्षेत्रमा सम्मानभावले हेरिने राजनीतिज्ञ चित्रबहादुर केसी भन्नुहुन्छ, चुनाव जितेर आएको एक वर्ष भयो, एउटा पनि ऐन निर्माण गर्न सकिएन, मतदातासमक्ष कसरी मुख देखाउने भन्ने अहिले ठूलो प्रश्न छ ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष केसी भन्नुहुन्छ, "जनतासमक्ष के भन्ने र कसरी मुख देखाउन जाने, एउटै पनि कामै गर्न सकेनौं भन्ने कि लुकेर यतै बस्ने भन्ने अवस्था छ । यसमा संसद्को क्षमता नभएको होइन, सांसदकै कमजोर प्रवृत्ति छ ।"

विसं २०१४ मा नेपाल कम्युनिष्ट पार्टीको सदस्यता ग्रहण गरी विसं २०२१ मा बागलुङमा सङ्गठन बनाएर राजनीतिक क्षेत्रमा प्रवेश गर्नुभएका केसी विसं २०३१ मा नेकपाको चौथो महाधिवेशनबाट केन्द्रीय सदस्य बन्नुभएको थियो । विसं २०२८ मा राजनीतिक प्रशिक्षणका क्रममा गिरफ्तारीमा परी नौ महिना कारागार जीवन बिताउनुभएका उहाँ लामो समय शिक्षण पेसामा संलग्न हुनुभयो ।

विसं २०४० मा नेकपा (मसाल)का महामन्त्री, पाँचौं महाधिवेशनमा पोलिटब्यूरो सदस्य, विसं २०५६, २०६४, २०७० र २०७९ मा बागलुङ निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभामा निर्वाचित केसीले विसं २०७२ कात्तिकदेखि २०७३ साउनसम्म उपप्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्ने अवसर प्राप्त गर्नुभयो ।

राष्ट्रिय जनमोर्चा विसं २०५२ मा गठन भएपछि निरन्तर अध्यक्ष रहनुभएका केसीको 'संसद्मा एक दशक २०५६-२०६७' कृति प्रकाशित छ । नेता केसीले सदन होस् वा संसदीय समितिमा बोल्ने दिन सांसदहरूका लागि विशेष प्रतिक्षाको घडी बन्छ र सञ्चारकर्मी पनि उहाँलाई पर्खेर बस्ने गर्छन् । ठेट नेपाली भाषामा उखान टुक्कासहितको उहाँको वाक्कला पछिसम्म चर्चामा रहन्छ ।

सांसदको मुख्य जिम्मेवारी नीति र विधि निर्माण अर्थात् नियम-कानुन बनाउने तथा बनेका कानुनलाई समयानुकूल तुल्याउन संशोधन र परिमार्जन गर्ने रहेको उहाँले बताउनुभयो । उहाँले सरकार निर्माण, बजेट बाँडफाँट, छलफल र अनुमोदन मुख्य कार्यभार भए पनि मतदातामा सांसद भनेको विकास निर्माणको पनि मुख्य जिम्मेवारीमा बसेका प्राणी हुन् भन्ने जबर्जस्त बुझाइ रहेको प्रतिक्रिया दिनुभयो ।

संसद्मा विधेयक, नियमावली, ऐन, कानुन र नियमका काममा व्यस्त रहनुभन्दा विकास चाहियो भनी मन्त्रालय, मन्त्री र कर्मचारीका कोठा, चोटा चहार्ने प्रवृत्ति गलत रहेको बताउँदै पूर्वसहकारी तथा गरिबी निवारणमन्त्री केसीले निर्वाचनमा उम्मेदवार मत माग्न जाँदा तिनसँग धारा, बाटो, विद्यालय, कुलो र तटबन्धको माग गर्ने मतदाताको स्तरले पनि मुख्य जिम्मेवारी र कर्तव्यलाई ओझेलमा पारेको धारणा राख्नुभयो ।

बारीमा गएको पहिरो रोक्न आवश्यक जाली लिन वडा, पालिका र प्रदेशलाई छाडेर केन्द्रीय सांसदसँग माग गर्ने प्रवृत्ति कायम नै रहेको जनाउँदै उहाँले भन्नुभयो, "एक जना मतदाताले बारीमा गएको पहिरो रोक्न जाली पठाइदिनुपर्‍यो भनी मसँगै माग गरेको अवस्था छ । कार्यक्षेत्र र जिम्मेवारीबारे बुझाउन नसक्नु हाम्रो पनि कमजोरी छ ।"

चुनावका बेला जे भने पनि दिन्छु भनेर प्रतिवद्धता गरेपछि उनीहरूले माग गर्नु स्वभाविक भएको बताउँदै उहाँले भन्नुभयो, "जैसा गुरु ओहिसा चेला भनेजस्तै छ ।" विधि र विधान बनाउनेको स्तर माथि उठेको भए मतदाताले पनि त्यही सिक्ने र बुझ्ने थिए भन्दै अध्यक्ष केसीले मत माग्ने बेलामा नसक्ने, नपुग्ने, नहुने आश्वासन बाँड्ने विषय ठीक नभएको प्रतिक्रिया दिनुभयो ।

सांसद भनेको नीति निर्माण गर्ने हुन् भन्ने बुझ्न जरुरी रहेको बताउँदै उहाँले संसदीय विकास कोषमार्फत रु पाँच करोड बराबरको योजना छनोट र खर्च गराउने विषयले पनि चुनाव खर्चिलो तुल्याएको धारणा राख्नुभयो ।

राजनीतिक दलका नेता र सांसदले भनेको जस्तो विकास निर्माण अघि बढेको भए लाखौं युवा जनशक्ति किन विदेश जानुपर्थ्यो भनी प्रश्न गर्दै सांसद केसीले धेरै कुरा र थोरै काम गर्ने प्रवृत्ति सच्चिन आवश्यक रहेको विचार प्रकट गर्नुभयो ।

एक प्रसङ्गमा उहाँले भन्नुभयो, "सांसद र संसद्मा कमजोरी छ, आफू परिवर्तन भएको मानिसले मात्रै परिवर्तन गर्न सक्छ, त्यो यहाँ देखिन्न । सांसदकै स्तर नउठेको हो, अनि देशमा विकास र परिवर्तनको के सम्भावना हुन्छ र ?"

"निर्वाचन भएको नौ महिना र सदन सञ्चालन भएको सात महिनासम्म प्राथमिकता परेको एउटा पनि विधेयक पारित हुन नसक्दा यसभन्दा लज्जाजनक कुरा के हुनसक्छ, यो मतदातालाई गर्नै नहुने र सुनाउनै नमिल्ने कुरा हो", अध्यक्ष केसीले भन्नुभयो ।

"जनतासमक्ष के भन्ने र के मुख देखाउन जाने भनी प्रश्न गर्दै उहाँले एउटै पनि कामै गर्न सकिएन भन्ने कि लुकेर यतै बस्ने अवस्था छ । संसद्को होइन, सांसदकै क्षमता र प्रवृत्ति कमजोर छ ।"

विधि र थिति बनाउने प्रमुख भूमिकामा रहेका सांसद सरकार बनाउने, गिराउने र आफ्ना स्वार्थमा केन्द्रित हुने कुराले प्राथमिकताका विषय नै ओझेलमा पर्ने गरेको बताउँदै नेता केसीले १५ दिनभित्र बनाइसक्नुपर्ने संसदीय समितिका नियमावली पनि सात महिनासम्म पूरा नभएको घटनाले त्यसलाई पुष्टि गरेको जनाउनुभयो ।

अहिले जिम्मेवारी र काम, कर्तव्यभन्दा प्रधान विषय सत्ता हुन गएको विचार राख्दै उहाँले नेपालजस्तो पिछडिएको समाजमा राष्ट्र र जनताको स्वार्थ केन्द्रमा राखेर राजनीतिक दलले राजनीति गर्ने भए देशमा यस्तो अवस्था हुन्थेन भन्नुभयो । उहाँ भन्नुहुन्छ, "जसरी पनि सत्तामा जानुपर्छ, रजाइँ गर्न पाउनुपर्छ भन्नेबाहेक अन्य चिन्ता नभएपछि सिद्धान्त र पद्धतिले काम गरेन, विशुद्ध सत्ता र शक्तिका लागि मात्र छिनाझपटी भयो ।"

"संविधान जारी भएको आठ वर्षसम्म एउटा प्रदेशको न्वारन हुन सक्दैन, भएपछि त्यसका विरुद्ध झगडा हुन्छ, महिनैपिच्छे सरकार गठन हुन्छ, विघटन हुन्छ । मेरो पार्टीले प्रजातान्त्रिक विकेन्द्रीकरण गरौं, प्रदेशको लफडामा नलागौं त्यसै भनेको होइन । सत्ताका लागि सभामुखले नै भोट हाल्ने कार्य भएको छ, समृद्धि प्राप्त भइहाल्छ भन्ने लक्षण देखिँदैन", उहाँ भन्नुहुन्छ ।

सबैभन्दा ठूलो सङ्कट भनेको त्यति ठूलो सङ्घर्ष गरेर ल्याएको लोकतन्त्र र गणतन्त्रप्रति जनतामा यति छिटो र ठूलो निराशाको स्थिति सिर्जना गराउनमा प्रमुख राजनीतिक शक्ति नै दोषी रहेको आरोप लगाउँदै सांसद केसीले नेताहरूको चरित्र, क्रियाकलाप र बानी-व्यहोराका कारणले जनताले विकल्प खोजेको भनाइ राख्नुभयो ।

सदनमा हाम्रो क्रियाकलाप र गतिविधि देखेर यस प्रणालीप्रति नै प्रश्नचिह्न खडा हुनु राम्रो नभएको बताउँदै उहाँले संसद् हाँक्ने नेतृत्व पनि परिपक्व हुनुपर्ने आवश्यकता महसुस भएको धारणा राख्नुभयो । संसद्मा कसैले गलत कुरा प्रवेश गराएमा सैद्धान्तिक र कानुनीरूपमा प्रतिवाद गर्न सक्नुपर्नेमा जोड दिँदै उहाँले सदन चलाउन विशेष योग्यता, क्षमता र खुबी आवश्यक पर्ने पनि औँल्याउनुभयो ।

सदनको पनि आफ्नो मर्यादा र पद्धति हुने भएकाले आफ्ना कुरा मर्यादितरूपमा प्रवेश गराउन सकिने बताउँदै उहाँले बढी उच्छृङ्खल हुने र सञ्चालकले गर्ने 'कमाण्ड'मा निर्भर हुने विचार प्रकट गर्नुभयो ।

### राहत शिक्षकहरूद्वारा ...

सम्बोधन नगरेको भन्दै उनीहरू आन्दोलनमा छन् ।

सुरुमा राहत शिक्षकहरू पनि नेपाल शिक्षक महासंघको आह्वानमा आन्दोलनमा थिए । तर उनीहरूसँग सरकारले सहमति गरेसँगै राहत शिक्षकहरूले बेग्लै आन्दोलन गरिरहेका छन् ।

मुलुकभरका सरकारी विद्यालयमा करिब ४० हजार राहत शिक्षक छन् । दरबन्दी सिर्जना गरी आन्तरिक प्रतिस्पर्धाबाट राहत शिक्षकलाई स्थायी गर्ने बाटो खुला गर्नुपर्ने, अस्थायी सेवा अवधि पनि गणना गर्नुपर्ने, शिक्षा ऐन जारी गर्नुअघि नियुक्त भएका शिक्षकलाई पेन्सन व्यवस्था गरिनुपर्ने जस्ता माग राखेर राहत शिक्षक आन्दोलनमा छन् ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.) General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# चिकित्सकमाथि आक्रमण गर्नेविरुद्ध कडा कारबाही हुन्छ : उपप्रधानमन्त्री श्रेष्ठ

काठमाडौं, ९ असोज (रासस)।

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले चिकित्सकमाथि दुर्व्यवहार र आक्रमण गर्नेमाथि कडा कारबाही गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

गृह मन्त्रालयमा मंगलबार स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेत, नेपाल मेडिकल काउन्सिल, नेपाल चिकित्सक संघलगायत स्वास्थ्यकर्मीसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिसँगको छलफलमा उहाँले स्वास्थ्यकर्मीलाई दुर्व्यवहार र कुटपिट हुन नदिइने प्रतिबद्धता व्यक्त गर्नुभयो।

"चिकित्सको चासो र चिन्ता पूरा गर्न सरकार प्रतिबद्ध छ, मुलुकमा विधिको शासन लागू हुन्छ, चिकित्सक र स्वास्थ्यकर्मीलाई सुरक्षित वातावरणमा काम गर्ने व्यवस्था सरकारले मिलाउँछ", उहाँले भन्नुभयो। चिकित्सकमाथि दुर्व्यवहार र आक्रमण गर्नेलाई तत्काल नियन्त्रणमा लिएर कारबाही प्रक्रिया अगाडि बढाइएको जानकारी दिँदै उहाँले आन्दोलनरत चिकित्सकलाई बिरामीको सेवामा फर्कन आग्रह गर्नुभयो।

"चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि शारीरिक आक्रमणको घटना भएका छन्। त्यसमा संलग्नलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षासम्बन्धी ऐनअनुसार कारबाही अगाडि बढ्छ", उहाँले भन्नुभयो, "त्यसमा कुनै प्रकारको द्विविधा नराख्न र कानूनी कारबाहीको प्रक्रिया अगाडि बढाउन मातहतको निकायलाई कडा निर्देशन जारी भइसकेको छ।"

## *ठगी तथा अपराधिक...*

सन्तोषको भनाई छ। मनिकलालको चर्को ब्याजबाट पीडित हुने अन्य ब्यक्तीहरु पनि धमाधम सार्वजनिक हुन थालेका छन्।

मंगलवार मनिकलालको चर्को मिटरब्याज तथा चेकमा किर्ते हस्ताक्षरबाट पीडित भएका थप दूई जना पीडितहरु न्यायका लागी सार्वजनिक भएका छन्।

राजविराज ७ का डा. विवेक कुमार झा र राजगढ गाउँपालिका ३ का सोमन साहले मनिकलालबाट सोही प्रकृतिको अपराधबाट आफुहरु पनि पीडित भएको भन्दै न्यायका लागी पहल गरी दिन प्रहरी, अधिकारकर्मी र संचारकर्मीसँग आग्रह गरेका छन्।

डा. झाले मनिकलालसँग जग्गा धितो राखी पटक/पटक गरी लिएको ७१ लाख ऋण मध्ये ३२ लाख रुपैया बुझाइसकेको तथा करिब १ करोड ५० लाख मुल्य बराबरको जग्गाको कागजात पनि उनै सँगै रहदा पनि चर्को ब्याज जोडेर मानसिक यातना दिने गरेको गुनासो पोखे। यति मात्र होइन। मनिकलालले एक दिन गाडीको डिक्कीमा राखिएको चेक बुक चोरेर आफैले मेरो नामको नक्कली हस्ताक्षर गरी १ करोड ९५ लाख रकम भरेर बैंकबाट चेक बाउन्स गराई मलाई बैकिङ कसुर मुद्दामा फसाउन खोजको डा. झाको भनाई छ।

उनले पनि मनिकलालले १ लाखको दैनिक १ हजारको दरले ब्याज जोड्ने गरेको सुनाए। चोरी भएको आफ्नो चेकमा नक्कली हस्ताक्षर भएको कुरा राष्ट्रिय विधीविज्ञान प्रयोगशालाले समेतले परिक्षण गरी प्रमाणित गरीदिएको उनले बताए।

उनले प्रहरीमा मनिकलाल विरुद्ध दिएको जाहेरीमा समेत उक्त परिक्षण रिर्पोट प्रमाणका रुपमा पेश गरेका छन्। यस्तै मंगलवार नै सप्तरीको राजगढ गाउँपालिका ३ का सोमन साहले आफु पनि मनिकलालको चर्को मिटरब्याजबाट पीडीत भएको गुनासो पोखेका छन्। उनले आफुले मनिकलाल संग पटक पटक गरी २५ लाख रुपैया ऋण सापटी लिएको सुनाए। सो वापत २ करोड १० लाखको कागजात तथा ९७ लाखको चेक धरौटी वापत मनिकलालले लिएको उनको भनाई छ।

उनले पनि आफुसंग १ लाखको दैनिक १ हजारका दरले मनिकलालले माग्न थालेपछि समस्यामा परेको गुनासो पोखे। उनीहरुले मिटरब्याज तथा किर्ते हस्ताक्षर गरी आफुहरुलाई उठिवास गराउन खोज्ने साहुकार मनिकलालमाथी कडा कारवाहीका लागी पहल गरीदिन सबै सँग आग्रह गरेका छन्।

नेपाल सरकार
भूमिव्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय राजबिराज, सप्तरी**

प.सं. ०८०/८१
च.नं. ९५६

मिति : २०८०।६।२

**सूचना । सूचना ॥ सूचना ॥।**

उपरोक्त विषयमा जिल्ला सप्तरी राजविराज न.पा.वाडं नं. ९ हाल वडा नं. २ मा रहेको साइंकृष्णा फाउनडेशन फर हेल्थ एण्ड मेडिकल साइंन्स प्रा.लि.रा.वि. नाममा दर्ता कायम रहेको जिल्ला [illegible] गा.वि.स. नकटी रायपुर वाडं नं. ८ (ङ) को कि.न. ३३ को ०-१४-१४, ऐ. ऐ. कि.न. ६ को ०-१८-२ जग्गा ऐ.ऐ. कि.न. ४० को ०-११-२ जग्गा ऐ ऐ कि.न. ४१ को ०-६-१ जग्गा र ऐ ऐ कि.न. १३६ को ०-१९-१५ जग्गाको बादी मेरो स्व. हजुर बुवा लुराई मियां साबिक देखी मोही भै मोहीको २ नं. अनुसूची समेत प्राप्त गरी मोहीमा जोत अवाद गरी निजको मृत्यु भै बुवा ओजिर मियांले पनि जोत अवाद गरी राखेको निज पनि प्रलोक भएपछि उक्त जग्गा मैले मोहीको हैशियतले म बादी मुस्लकीम मियाले जग्गा जोत अवाद गरी कुत समेत बुझाई आएकोले मि नं. २१७० मिति २०७३।१।२७ मा मोही दर्ता नामसारी माग गरेको हुदा सोही बमोजिम विपक्षी साइंकृष्णा फाउनडेशन फर हेल्थ एण्ड मेडिकल साइंन्स प्रा.लि.रा.वि नाममा मिति २०७८।।१९ म्याद जारी भइ घर दैलोमा टाँस भएको हुदा सो बमोजिम प्रतिउत्तर नपरेको हुदा तपशिल बमोजिमको म्याद जारी गरि यो सुचना टास भएको मितीले बाटोको म्याद बाहेको ३० दिन भित्र सबुत प्रमाण लिई हाजिर हुन आउनु होला। सो म्याद भित्र हाजिर नभै म्याद गुजारी बसेमा नियमानुसार मोही दर्ता नामसारी भई जाने व्यहोरा समेत यसै सुचना द्वारा जानकारी गराइन्छ पछि तपाईको उजुर बाजुर लाग्ने छैन यो सुचना प्रकाशित गरिएको छ।

इति सम्वत २०८० साल भाद्र महिना २६ गते ३ रोज शुभम् ............

कार्यालय प्रमुख

# बालविवाह विरुद्ध अपील
# "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सितापुर, सप्तरी**

# विश्व समाचार

## इन्धन डिपो विष्फोटमा बीस जनाको मृत्यु

येरेभान, ९ असोज (रासस/एएफपी)।

नागोर्नो काराबाखमा सोमबार इन्धन डिपो विष्फोट हुँदा २० जनाले ज्यान गुमाएका छन्। स्थानीय अधिकारीहरूका अनुसार अजरबैजानी सेनाको कारबाहीबाट जोगिन हजारौं आर्मेनियाली उक्त क्षेत्रबाट भागेका बेला यो घटना भएको हो।घटनास्थलमा १३ वटा शव भेटिएका तथा तिनको परिचय नखुलेको अधिकारीहरूले र थप सात जनाको अस्पतालमा मृत्यु भएको बताएका छन्। आर्मेनियाका अधिकारीहरूले भने दुई सय ९० जनाभन्दा बढी घाइतेलाई अस्पतालन भर्ना गरिएको तथा ती मध्ये धेरैको अवस्था चिन्ताजनक रहेको जनाएका छन्। अजरबैजानले १० महिनादेखि इन्धन आपूर्तिमा अवरोध गरेको सन्दर्भमा उक्त डिपोमा इन्धन पाइने आशमा लामबद्ध भएका उपभोक्ता मारिएका आशङ्का गरिएको छ। यसैबीच, नागोर्नो काराबाख क्षेत्रका १३ हजार पाँच सय आर्मेनियाली शरण खोज्दै येरेभान आएका सरकारी अधिकारीहरूले बताएका छन्। अजरवैजानी सेनाबाट असुरक्षा महसुस गर्दै सोमबार राति सात सयभन्दा बढीले रुसी शान्ति सेनाको शिविरमा आश्रय लिएका थिए। अजरबैजानका राष्ट्रपति इल्हाम अलीयेभले द्वन्द्वग्रस्त नागोर्नो-काराबाख क्षेत्रका जातीय आर्मेनियालीको अधिकारको रक्षा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

## दोहोरो झडपमा पच्चीस जना मारिए

बेरुत, ९ असोज (रासस/एएफपी)।

सिरिया सरकारप्रति वफादार लडाकू समूह र पूर्वी सिरियाको अरब जिल्लामा कुर्द नेतृत्वको सेनाबीच भीषण झडप भएको छ। दुई दिनसम्म भएको झडपमा २५ जनाको मृत्यु भएको युद्ध पर्यवेक्षक एक संस्थाले मङ्गलबार बताएको छ। वासिङ्टनको समर्थन पाएको कुर्दिस नेतृत्वको सिरियन डेमोक्रेटिक फोर्सेस (एसडीएफ) ले सोमबार सुरु भएको झडपमा देइर एजोर प्रान्तको धेबान क्षेत्रमा घुसपैठ गरेका बन्दुकधारीहरूलाई परास्त गरेको बताएको छ। यसै महिनाको प्रारम्भमा सोही क्षेत्रमा एसडीएफ र सशस्त्र अरब जनजातिबीच १० दिन झडप भएको थियो। उक्त झडपमा ९० जनाले ज्यान गुमाएका थिए। बेलायतस्थित सिरियन अब्जरभेटरी फर ह्युमन राइट्सले सिरिया सरकार समर्थक लडाकुहरूले युफ्रेटिस नदी पार गर्दा पछिल्लो झडप भएको बताएको छ। झडपमा २१ जना दमास्कसका वफादार र तीन जना एसडीएफ लडाकुले ज्यान गुमाएका उक्त संस्थाले बताएको छ।

## मानवअधिकार परिषद्मा सामेल हुने रुसको प्रयास

जेनेभा, ९ असोज (रासस/एपी)।

रुसले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को निर्वाचनमा पुनः सामेल हुने प्रयास थालेको छ। रुसी सेनाले युक्रेनमा आक्रमण गरेपछि मस्कोलाई गत अप्रिलमा परिषद्बाट निष्कासन गरिएको थियो। रुसले राष्ट्रसङ्घका सदस्य देशका राजदूतहरूलाई आगामी महिना हुने निर्वाचनमा सहयोगका निम्ति अनुरोध गर्दै पत्राचार गरेको छ। एपीले पढेको उक्त पत्रमा मस्कोले मानव अधिकारका मुद्दामा समाधान खोज्ने प्रतिबद्धता व्यक्त गरेको छ। साथै मस्कोले परिषद्लाई कुनै एक अमुक समूहको राजनीतिक स्वार्थ पूरा गर्ने उपकरण बन्न खोजेको आरोप लगाउँदै त्यसो हुन नदिन रुसलाई पुनःनिर्वाचित गर्नुपर्ने तर्क पत्रमा गरिएको छ। नाम नलिइ रुसले परिषद्लाई पश्चिमा मुलुकले आफ्नो इच्छानुसार प्रयोग गर्न खोजेको आरोप लगाएको छ। जेनेभास्थित कूटनीतिज्ञहरूले रुसले गम्भीर मानवअधिकार उल्लङ्घन गरेको तथा अन्तरराष्ट्रिय फौजदारी अदालतले नेता भ्लादिमिर पुटिनलाई पक्राउ गर्ने आदेश दिएको सन्दर्भमा अन्तरराष्ट्रिय रुपमा गुमेको रुसको गरिमा पुनःस्थापना हुने सम्भावना नरहेको बताएका छन्।

## इजरायल-साउदी सम्बन्ध सामान्य बन्दै

जेरिको (प्यालेस्टिनी क्षेत्र), ९ असोज (रासस/एएफपी)।

इजरायल र साउदी अधिराज्यबीचको सम्बन्धलाई सामान्य बनाउने प्रयासले गति लिएको छ। अमेरिकी मध्यस्थतामा इजरायलसँग वार्तामा बस्न सहमत भएको साउदी अरबको एउटा प्रतिनिधिमण्डल मङ्गलबार प्यालेस्टिनी क्षेत्रमा आइपुगेको छ। जोर्डनबाट सतहमार्ग हुँदै प्रतिनिधिमण्डल जेरिको आइपुगेको हो। साउदी प्रमण्डलले इजरायली भूमिहुँदै प्यालेस्टिनी क्षेत्रमा तीन दशकपछि पहिलो पटक प्रवेश गरेको हो। प्यालेस्टिनी क्षेत्रका लागि साउदी गैरआवासीय राजदूत नाइफ अल-सुदैरीको नेतृत्वमा प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बास र प्यालेस्टाइनका शीर्ष कूटनीतिज्ञ रियाद अल-मलिकीलाई भेट्ने कार्यक्रम छ। जोर्डनका लागि साउदी अधिराज्यका राजदूत सुदैरीलाई गत महिना प्यालेस्टिनी क्षेत्रको पनि जिम्मेवारी दिइएको हो। उहाँ जेरुसेलमका लागि 'कन्सल जनरल' पनि हुनुहुन्छ। मध्यपूर्वमा दिगो शान्ति कायम गर्ने अमेरिकी सक्रियताको परिणमस्वरुप साउदी प्रमण्डलको भ्रमण भएको हो। इजरायल-प्यालेस्टाइन द्वन्द्व अन्त्य गर्ने उद्देश्यले सन् १९९३ मा भएको ओस्लो सम्झौता कार्यान्वयनको एक हिस्साका रुपमा पनि यो भ्रमणलाई लिइएको छ। इजरायलले २०२० मा संयुक्त अरब इमिरेट्स, बहराइन र मोरक्कोसँग सम्बन्ध स्थापना गरेकामा साउदीले प्यालेस्टिनी द्वन्द्व समाधान नभएसम्म कूटनीतिक रुपमा अघि नबढ्ने बताउँदै आएको छ। यद्यपि रियादले जेरुससलेमसँग सम्बन्ध स्थापनाको सिलसिलालाई भने अघि बढाएको छ।

# कोशी प्रदेश मन्त्रिपरिषद् विस्तार

मोरङ, ९ असोज (रासस)।
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सोमबार दुई मन्त्री र दुई राज्यमन्त्री थप गरी मन्त्रिमण्डल विस्तार गर्नुभएको छ। मुख्यमन्त्री कार्कीले नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम लिलावल्लभ अधिकारी आन्तरिक मामिला तथा कानुनमन्त्री, बुद्धिकुमार राजभण्डारी खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री, रामप्रसाद महतो उद्योग, कृषि तथा सहकारी राज्यमन्त्री र निरन राईलाई आर्थिक मामिला तथा योजना राज्यमन्त्रीमा नियुक्त गर्नुभएको छ।

कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङले सोमबार यहाँ आयोजित एक समारोहबीच मन्त्री अधिकारी र राजभण्डारीलाई पद तथा गोपनीयताको शपथग्रहण गराउनुभयो। यसैगरी मुख्यमन्त्री कार्कीले मन्त्री महतो र राईलाई पद तथा गोपनीयताको शपथग्रहण गराउनुभयो।

# लोसपाको केन्द्रीय समितिले पायो पूर्णता

**दैनिक समाचारदाता**
**काठमाडौँ, ९ असोज।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले पदाधिकारीसहित केन्द्रीय समितिलाई पूर्णता दिएको छ।

लोसपाको कार्यकारिणी समितिको बैठकले पदाधिकारीसहित तीन सय ११ सदस्यीय केन्द्रीय समिति गठन गरेको लोसपाका कार्यकारिणी सदस्य केशव झाले जानकारी दिएका छन्। उनका अनुसार लोसपाको विस्तारित केन्द्रीय समितिमा पार्टी अध्यक्ष महन्थ ठाकुरसहित ७० जना पदाधिकारी रहेका छन्। वरिष्ठ नेतामा नेतात्रय राजेन्द्र महतो, शरत्सिंह भण्डारी र अनिलकुमार झाले जिम्मेवारी पाएका छन्। पार्टीको वरिष्ठ सहअध्यक्षमा नेता सर्वेन्द्रनाथ शुक्लालाई जिम्मेवारी दिइएको छ।

यस्तै नेताहरू जितेन्द्र सोनल, उमाकान्त झा, लक्षणलाल कर्ण, अकबाल अहमद शाह निर्जला राउत गरी ६ जना वरिष्ठ उपाध्यक्ष र १५ उपाध्यक्ष रहेका छन्। महासचिवमा १६, सहमहासचिव आठ, सचिव ११, कोषाध्यक्षमा दुई, प्रवक्ता र सहकोषाध्यक्ष एक-एकजना रहेका छन्। कोषाध्यक्षमा दुई जनालाई जिम्मेवारी दिइएको छ।

# कोसी टप्पुमा गैँडा ल्याउन तयारी पूरा

इनरुवा, ९ असोज (रासस)।
अर्नाका लागि प्रसिद्ध मानिने कोसी टप्पुवन्य जन्तु आरक्षमा गैँडा ल्याउन सम्पूर्ण तयारी पूरा भएको छ। विश्व पर्यटन दिवस २०२३ को अवसरमा आरक्षमा गैँडा ल्याउने सम्पूर्ण तयारी पूरा भएको आरक्षका संरक्षण अधिकृत रमेशकुमार यादवले जानकारी दिनुभयो।

चितवन राष्ट्रिय निकुञ्जबाट बुधबार दुईवटा गैँडा ल्याउने तयारी भएको उहाँले बताउनुभयो। यसअघि यहाँबाट अर्ना लगिएको बेलामा स्थानीयवासीले आन्दोलन गरेकाले गैँडा ल्याउने प्रतिवद्धता जनाएपछि आन्दोलनका कार्यक्रम फिर्ता लिइएको थियो। सोही प्रतिवद्धताअनुसार गैँडा ल्याउने तयारी भएको आरक्षका संरक्षण अधिकृत यादवको भनाइ थियो। पछिल्लो समय आरक्षमा पर्यटक आगमनमा समेत केही कमी आएकाले पर्यटक बृद्धि गर्ने उद्देश्यले पनि यहाँ गैँडा ल्याउन लागेको उहाँले जानकारी दिनुभयो।

गैँडाका लागि आवश्यक बासस्थान निर्माणलगायत कार्यसमेत सम्पन्न भएको र पहिलो चरणमा दुई वटा गैँडा आरक्षको पथरी साइडमा निर्माण गरिएको खोरमा राख्ने तयारी भएको संरक्षण अधिकृत यादवले जानकारी दिनुभयो। ल्याएका गैँडा यहाँको मौसममा भिजेपछि अझै गैँडा थप गर्ने तयारी भएको अधिकृत यादवको भनाइ थियो।

# माओवादीको अगुवा कार्यकर्ता भेला सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, ९ असोज।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) सप्तरी कमाण्ड १ को आयोजनामा वडा स्तरीय अगुवा कार्यकर्ता भेला हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ६ स्थित २ नं. जोगिनियाँको राम जानकी मन्दिरको प्राङ्गणमा मंगलबार सम्पन्न भएको छ।



सो भेलामा प्रमुख अतिथि नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य तथा सप्तरी अभियानका ईन्चार्ज पुर्व मन्त्रि महेन्द्र पासवानले रुपान्तरण स्वयमवाट प्रारम्भ गर्नु पर्ने बताउदै पार्टीको उपलब्धिको प्रचार प्रसार जनता माझ गएर गर्नु पर्नेमा पार्टी पंक्तिलाई आग्रह गरे।

सुरज मण्डलको अध्यक्षतामा आयोजित भेलामा विशिष्ट अतिथि पुर्व प्रदेश सदस्य छेदी रजक (विमल), नगरपालिकाका संयोजक राहुल मण्डल, पुर्व जिल्ला सदस्य बशन्त मण्डल, प्रेस सेन्टरका केन्द्रिय सल्लाहकार देवराम यादवलगायतले अभियानको बारे आ-आफ्नो विचार व्यक्त गरेका थिए।

यस्तै जनतासँग माओवादी विशेष रुपान्तरण अभियान संचालनको विभिन्न समितिहरुको गठन गर्दै नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) सप्तरी जिल्लाको बोदे बरसाईन नगरपालिकाको वडा नं. १० को भेला तथा बैठक सप्पन्न भएको छ।

यसैगरि अग्निसाइर कृष्णासवरण गाउँपालिकाले वार्ड नं. २ स्थित सितापुर कलोनीमा सम्पन्न गरेको छ। नेकपा माओवादीका बेचन चौधरीको अध्यक्षता तथा माओवादी केन्द्र केन्द्रीय सदस्य तथा सप्तरी अभियानका ईन्चार्ज पूर्व मन्त्री महेन्द्र पासवानको प्रमुख अतिथिमा सम्पन्न कार्यक्रममा पूर्व प्रदेश सदस्य छेदी रजक (बिमल), पूर्व विधेयक सरस्वती चौधरी, पूर्व प्रदेश सभाका सदस्य प्रमिला यादव, पशुपति चौधरी, भगवती चौधरी, अरुण चौधरीलगायतका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो।

# साझा सुझाव समावेश गरी सङ्घीय निजामती ऐन ल्याउन माग

काठमाडौँ, ९ असोज (रासस)।
नेपाल निजामती कर्मचारी सङ्गठनले राष्ट्रियस्तरका ट्रेड युनियनले दिएका ७१ बुँदे साझा सुझाव समावेश गरी सङ्घीय निजामती ऐन तत्काल जारी गर्न माग गरेको छ।

सो सङ्गठनको यही असोज ५ र ६ गते भक्तपुरको खरिपाटीमा सम्पन्न केन्द्रीय कार्यसमितिका निर्णय सार्वजनिक गर्न मंगलबार आयोजित पत्रकार सम्मेलनमा उक्त विधेयक तर्जुमाका क्रममा आफूहरूसँग परामर्श कम र कर्मचारी वर्गलाई हतोत्साही तुल्याउने काम भएको आरोप लगाइएको छ।

सङ्गठनले स्वास्थ्य सेवा र संसद् सेवालाई निजामती सेवामा समावेश गर्न, सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीलाई निजामती सेवाको परिभाषामा समेट्न, 'जहाँ सरकार, त्यहाँ ट्रेड युनियन' को अवधारणा कार्यान्वयन गर्न, अन्तर तह र अन्तर प्रदेशसहित वैज्ञानिक सरुवाको व्यवस्था गर्न, उमेर हद ६० वर्ष कायम गर्न तथा सर्वोच्च अदालतलको २०७८ साल माघ १२ को निर्देशनात्मक आदेशका विषय राख्न माग गरेको छ।

सो सङ्गठनका अध्यक्ष लेखनाथ कोइरालाले कर्मचारीको हित र साझा सुझावअनुसार विधेयक नआएमा आफूहरूले शिक्षक-कर्मचारीको भन्दा ठूलो आन्दोलन गर्ने चेतावनी दिनुभयो। उहाँले राजीतिक क्षेत्रको ढिलाइ र केही उच्च तहका कर्मचारीको स्वार्थका कारण सो विधेयक संसदमा लैजान विलम्ब भएको टिप्पणी गर्नुभयो।

सङ्गठनका महासचिव जीवन काफ्लेले आफूहरूको मातहत रहेका ६९ जिल्लामा रहेका राष्ट्रसेवक कर्मचारीहरूको सहकारी लिमिटेडको यही असोज ८ गते खरिपाटीमा सम्पन्न राष्ट्रिय कार्यशालाबाट ती सहकारीलाई अझ प्रभावकारी र व्यवस्थित बनाउने सङ्कल्प गरिएको जानकारी दिनुभयो।

ती सहकारीमा हाल २० हजार नौ सय ८० शेयर सदस्य र रु दुई अर्ब १८ करोड ७२ लाख ४५ हजार तीन सय ५७ सम्पत्ति-दायित्व रहेको छ। ती सहकारीहरूको पाँचौं राष्ट्रिय भेला आगामी मङ्सिर १५ र १६ गते हुने तय गरिएको छ।

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईंचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

जनहीतका लागि जारि सन्देश : **राजविराज दैनिक**


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*